# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ चैत्र ३ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | नेपाल सरकार, शहरी विकास मन्त्रालयको मातहत कार्यालयवाट कार्यान्वयन हुने गरि रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. ११ मा सभाहल निर्माण कार्यको लागि एक करोड बजेट बिनियोजन भएको र उक्त स्थानमा सभाहल तथा भौतिक पूर्वाधार निमार्ण कार्यको लागि एक करोड बीस लाखको लागत अनुमान तयार भएको हुँदा मन्त्रालयबाट विनियोजित बजेटमा नपुग हुने रकम रु. बीस लाख यस कार्यालयबाट व्यहोरिने गरि उक्त आयोजना नगरपालिकाबाट कार्यान्वयन गर्ने गरि हस्तानन्तरण भई आएमा उक्त आयोजनालाई यथासमयमै कार्यान्वयन गर्न प्रतिवद्धताका लागि सिफारिस गरि पठाउने । | |
| २ | नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयलाई खैरेनी चोकदेखि घोडाहा बुद्धचोक भित्र सूचनामुलक संदेश सहितको बोर्ड थान-१ (एक) नि:शुल्क रुपमा राख्न देवदह नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची-७ बमोजिम स्वीकृति प्रदान गर्ने । | |
| ३ | चालु आ.व.मा “२५ प्रतिशत नदीजन्य पदार्थको लगानी” शिर्षकमा विनियोजित बजेट रु. ५० लाखबाट प्रभावित क्षेत्रमा खोला तटबन्ध कार्य गर्न बजेट बाँडफाँड गर्ने । | |
| ४ | चालु आ.व. २०८१/०८२ मा संगठन, मानव संसाधन तथा क्षमता विकास तर्फ देवदह नगरपालिका भित्र रहेका संचार माध्यम शिर्षकमा विनियोजित रकमबाट रेडियो देवदहलाई रु. पाँच लाख उपलब्ध गराउने गर्ने । | |
| ५ | देवदह नगरपालिका वडा नं. ९ बस्ने सम्मर बहादुर वि.क. र झनिसरा वि.क. को छोरा राज कुमार वि.क.को उपचारको लागि रु. चालिस हजार उपलब्ध गराउने । | |
| ६ | देवदह नगरपालिका वडा नं. ११ बस्ने रघुविर चमारको बुहारी, जंग बहादुर चमारको श्रीमति आशा कुमारी हरिजनको घर निर्माणको लागि रु. पचास हजार आर्थिक सहायता उपलब्ध गराउने । | |
| ७ | देवदह नगरपालिका वडा नं. ९ बस्ने धनराज न्यौपानेको नातिनी, विक्की वि.क.को छोरी विन्जल वि.क. को उपचारको लागि रु. तीस हजार आर्थिक सहायता उपलब्ध गराउने । | |
| ८ | देवदह नगरपालिका वडा नं. ११ बस्ने अयोध्या धोवीको नाती, राम प्रसाद धोवी तथा चनरावती धोवीको छोरा धर्मेन्दर धोवीको उपचारको लागि रु. चालीस हजार उपलब्ध गराउने । | |
| ९ | देवदह नगरपालिका वडा नं. ६ बस्ने विष्णु प्रसाद काफ्लेको उपचारको लागि रु. चालिस हजार उपलब्ध गराउने । | |